प्रभु स्टक मार्केट लिमिटेड

बुद्धनगर, का.म.न.पा.-१०, काठमाडौँ

तेस्रो वार्षिक साधारणसभा बस्नेसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/३१ गते बुधबार)

आदरणीय शेयरधनी महानुभावहरू,

मिति २०८३ साल भाद्र २९ गते बसेको सञ्चालक समितिको ७१औँ बैठकको निर्णयबमोजिम यस प्रभु स्टक मार्केट लिमिटेडको तेस्रो वार्षिक साधारणसभा देहायको मिति, स्थान र समयमा निम्नलिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ।

सभा हुने मिति, स्थान र समयः

सभा हुने मिति : २०८३ साल आश्विन २३ गते शुक्रबार (तदनुसार २०२६ अक्टोबर ९ तारेख)

स्थान : कम्पनीको कार्यालय, बुद्धनगर, नयाँबानेश्वर, का.म.न.पा.-१०, काठमाडौँ।

समय : अपरान्ह ४:०० बजे।

छलफलका प्रस्तावहरूः

(क) साधारण प्रस्तावहरू

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. आर्थिक वर्ष २०८२/८३ को वासलात, नाफानोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह लगायतका लेखापरीक्षण प्रतिवेदनमा छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८३/८४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४. कम्पनीको सञ्चालक समितिले समितिको रिक्त स्थानमा गरेको सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने।

५. कम्पनीको आ.व. २०८२/८३ को मुनाफा तथा रिजर्ब कोषबाट कम्पनीको चुक्तापूँजीको ५ प्रतिशतले हुने रकम रु. १ करोड कम्पनीको शेयरधनीलाई नगद लाभांश वितरण गर्ने।

६. विविध।

(ख) विशेष प्रस्तावहरू

१. कम्पनीको सञ्चालक समितिको संख्या परिवर्तन गर्न नियमावलीको नियम २७ (१) (क) मा संशोधन गर्ने।

२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधासम्बन्धी व्यवस्थामा संशोधन गर्न कम्पनीको नियमावलीको नियम ३२ (२) संशोधन गर्ने।

३. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने।

prabhu STOCK
(A Subsidiary Of Prabhu Bank Limited)
99
Broker No.
प्रभु स्टक मार्केट लिमिटेड
Prabhu Stock Market Limited
बुद्धनगर, का.म.न.पा.-१०, काठमाडौँ फोन नं.: ०१-५९०४२७१/५९०४२७२
Email: info@prabhustock.com, Website: https://prabhustock.com